**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- नयाँ दिल्लीको लाल किला मेट्रो स्टेशन नजिक हिजो बेलुकी भएको कार विस्फोटमा परी कम्तीमा आठजनाको मृत्यु भएको छ।

- गृह मंत्री अमित शाहले भन्नुभयो केंद्र सरकार सबै संभावनाहरु ,माथि विचार गरिरहेको अनि विस्फोटको कारणहरुको गहन जाँच गरिरहेको छ ।

- आज बिहार विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणको मतदान शुरू भइसकेको छ ।

- राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभयो लगभग आठ हज़ार प्रवासी भारतीयले अंगोलाको आर्थिक प्रगतिमा सकारात्मक योगदान दिइ रहेको छ।

- भारतका सम्राट राणाले हिजो कायरोमा भएको आईएसएसएफ सुटिङ विश्व च्याम्पियनसिपमा पुरुष १० मिटर एयर पिस्टल प्रतियोगितामा स्वर्ण पदक जितेका छन् ।

**<u>लाल किला कार विस्फोट</u>**

नयाँ दिल्लीको लाल किला मेट्रो स्टेशन नजिक हिजो बेलुकी एक शक्तिशाली कार विस्फोट भएको थियो। मीडियासित बात गर्दै दिल्ली पुलिस आयुक्त सतीश गोलचाले बेलुकी लगभग 6 बजेर 52 मिनटमा एक धीमा गतिमा चलिरहेको गाड़ी रेड लाइट रोकिएको समय विस्फोट भयेद्को जानकारी दिनुभयो। उहाँले विस्फोटको नजिकको वाहनहरु क्षतिग्रस्त भएको बताउनुभयो। पुलिस आयुक्तले घटनामा केही नागरिकहरुको मृत्यु भएको अनि केही घाइते भएको बताउनु भयो।
आकाशवाणी समाचारसित बातचितमा दिल्ली अग्निशमन सेवाले बताए अनुसार उनिहरुलाई बेलुकीको लगभग 6 बजेर 55 मिनटमा घटनाको सूचना प्राप्त भएको थियो।

मीडियासितको बातचितमा उप-मुख्य अग्निशमन अधिकारी ए के मलिक बताए अनुसार सातबटा अग्निशमन बिभागका गाड़िहरु घटनास्थलमा पठाईएको थियो। उहाँले 7 बजेर 29 मिनटमा आगोलाई नियन्त्रण गरियो। दिल्ली पुलिसका वरिष्ठ अधिकारी पनि घटनास्थलमा पुगेका थिए । विस्फोटपछि धेरै घाइतेहरुलाई लोकनायक जयप्रकाश अस्पताल पुराइएको छ।
घटना पछि प्रधानमंत्री नरेंद्र मोदीले स्थितिको जायजा लिनु भयो। सूत्रले बताए अनुसार, उहाँले केंद्रीय गृह मंत्री अमित शाहसित बात गर्नुभयो अनि स्थितिको जानकारी लिनुभयो।

यसै बीच, गृह मंत्रीले स्थितिको समीक्षाका लागि दिल्ली पुलिस कमिश्नर, एनआईए महानिदेशक अनि इंटेलिजेंस ब्यूरोका निदेशकसित बात गर्नुभयो। सूत्रले बताए अनुसार गृहमंत्रीले एनएसजी, एनआईए अनि फोरेंसिक विभागक टीमहरुलाई घटनास्थलमा पुग्ने निर्देश दिए। घटनालाई लिएर गृह मंत्री लगातार आईबी निदेशकको संपर्कमा छन्।
गृह मंत्री अमित शाहले विस्फोट स्थलको भ्रमण गर्नुभयो अनि स्थितिको समीक्षा गर्नुभयो।

श्री शाहले मीडियालाई बताए अनुसार अस्पताल सूत्र अनुसार घटनामा आठ जनाको मृत्यु भएको अनि केही घाइतेहरुको उपचार भइरहेको छ। गृह मंत्रीले घटनाको जाँच भइरहेको बताउनुभयो।

**दिल्ली विस्फोट**

राष्ट्रपति द्रौपदी मुर्मुले दिल्लीको लाल किला मेट्रो स्टेशन नजिक भएको विस्फोटमा मारिएकाहरुको परिजन प्रति संवेदना व्यक्त गर्नुभएको छ। एक सोशल मीडिया पोस्टमा राष्ट्रपतिले घाइतेहरुको शीघ्र स्वस्थ लाभको कामना गर्नुभयो।

**राजदूत - संवेदना**

दिल्लीमा भएको विस्फोट पछि धेरै देशका राजदूतहरुले शोक व्यक्त गरेको छ।जापानका राजदूत ओनो केइचीले जानमालमा गहिरो दुख व्यक्त गर्नुभएको छ।अर्जेंटीनाका राजदूत मारियानो कॉसिनोले अर्जेंटीनाको तर्फबाट संवेदना व्यक्त गर्नुभएको छ। ब्रिटिश उच्चायुक्त लिंडी कैमरनले भन्नुभयो उहाँको संवेदनाहरु विस्फोटबाट प्रभावित सबैप्रति छ।
भारतमा अमरीकी दूतावासले आफ्नो नागरिकहरुका लागि सुरक्षा अलर्ट जारी गरेको छ, जसमा दिल्लीको लाल किला अनि चांदनी चौक नजिकका क्षेत्रहरुबाट टाडा रहने सल्लाह दिइएको छ।

**बिहार चुनाव**

आज बिहार विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणको मतदान शुरू भइसकेको छ । बीस जिल्लाका १२२ निर्वाचन क्षेत्रमा मतदान हुनेछ। १३६ महिलासहित १ हजार ३०२ उम्मेदवारको राजनीतिक भाग्य ३ करोड ७० लाखभन्दा बढी मतदाताले फसेला गर्नेछन्। मतदान बिहान ७ बजे सुरु भएको छ भने साँझ ६ बजेसम्म जारी रहनेछ। सुरक्षा कारणले गर्दा सात निर्वाचन क्षेत्रमा मात्र साँझ ५ बजेसम्म मतदान जारी रहनेछ। पुलिस महानिदेशक विनय कुमारले सुरक्षा कारणले गर्दा नेपाल, उत्तर प्रदेश, पश्चिम बंगाल र झारखण्डसँगको सिमाना बन्द गरिएको र नजिकबाट निगरानी भइरहेको बताउनु भएको छ । नेपालको जयनगर, मधुबनी र जनकपुर बीचको मैत्री एक्सप्रेस मतदान सम्पन्न नभएसम्म निलम्बित गरिएको छ। निर्वाचन आयोगले सम्पूर्ण निर्वाचन प्रक्रियाको जाच गर्न पटनास्थित मुख्य निर्वाचन अधिकारीको कार्यालयमा अत्याधुनिक नियन्त्रण र कमाण्ड सेन्टर स्थापना गरेको छ। सबै बीस जिल्ला मुख्यालयमा यस्तै नियन्त्रण कक्षहरू स्थापना गरिएको छ। महिला निर्वाचन अधिकारीहरूले सबै ५सय ९५ मतदान केन्द्रहरूको व्यवस्थापन गर्नेछन्। यसरी नै २ सय २१ मतदान केन्द्रहरू विशेष रूपमा प्रशिक्षित कर्मचारीहरूद्वारा सञ्चालन गरिनेछन्। यसका साथै, ३ सय १६ वटा नमुना मतदान केन्द्रहरू स्थापना गरिएको छ। मतगणना नोभेम्बर १४ मा हुनेछ।

**राष्ट्रपति - भारतीय समुदाय**

राष्ट्रपति द्रौपदी मुर्मुले अंगोलामा भारतीय समुदायलाई संबोधित गर्नुभयो। उहाँले भन्नुभयो लगभग आठ हज़ार प्रवासी भारतीयले अंगोलाको आर्थिक प्रगतिमा सकारात्मक योगदान दिइ रहेको छ। उहाँले भन्नुभयो प्रवासी भारतीय, भारतमा भइरहेको व्यापक सुधारहरुको एक अभिन्न अंग हो।

भारत अनि अंगोला बीच व्यापार, निवेश अनि जन जन बीच संबंधहरुलाई अझ बलियो बनाउन अपार अवसरहरुमा जोड दिदै राष्ट्रपति मुर्मुले भारतीय समुदायसित दुइ देशको साझा समृद्धिलाई साकार गर्ने प्रयासमा सक्रिय रूपले भाग लिने आग्रह गर्नुभयो।

**राष्ट्रपति-अंगोला स्वतंत्रता दिवस**

राष्ट्रपति द्रौपदी मुर्मु आज लुआंडामा अंगोलाको पचास औ स्वतंत्रता दिवस समारोहमा सामेल हुनुहुनेछ। यस वर्ष मई महिनामा अंगोलाका राष्ट्रपति जुआओ लॉरेंसो भारत आएका थिए। त्यस अवधि उहाँले राष्ट्रपति द्रौपदी मुर्मुलाई अंगोलाको स्वतंत्रता दिवसमा आउने निमंत्रण दिनु भएको थियो।

**वन्दे मातरम**

देशले आफ्नो राष्ट्रिय गीत, वन्दे मातरमको 150 औं वार्षिकोत्सव मनाईरहेको छ।आज हामी बताईरहेका छौं वन्दे मातरमको भावनाले भारतका सीमाहरु देखि विश्वभरिका क्रान्तिकारीहरूलाई स्वतन्त्र संग्रामको लागि लड्न कसरी प्रेरित गरेको थियो। यसबारे सुन्नुहोस हाम्रा संवाददाताबाट एक रिपोर्ट-

**सम्राट राणा-स्वर्ण पदक**

भारतका सम्राट राणाले हिजो कायरोमा भएको आईएसएसएफ सुटिङ विश्व च्याम्पियनसिपमा पुरुष १० मिटर एयर पिस्टल प्रतियोगितामा स्वर्ण पदक जितेका छन् । यो जितसँगै राणा व्यक्तिगत एयर पिस्टल विश्व उपाधि जित्ने पहिलो भारतीय बनेका छन् । राणाले २४३.७ को स्कोरका साथ पुरुष १० मिटर एयर पिस्टलमा स्वर्ण पदक आफ्नो नाम गरेका हुन् । यसरी नै भारतका पनि वरुण तोमरले कांस्य पदक जितेका छन् । दुवै निशानेबाजले यसअघि छनोट चरणमा प्रत्येकले ५८६ स्कोरका साथ शीर्ष स्थानमा रहेका थिए। कायरो च्याम्पियनसिपमा भारतको पदक संख्या नौ पुगेको छ, जसमा तीन स्वर्ण, तीन रजत र तीन कांस्य पदक छन्। भारत पदक तालिकामा दोस्रो स्थानमा छ।

****** ० ******